# नेपाल सरकार
# युवा तथा खेलकुद मन्त्रालय

## आर्थिक वर्ष २०८०/८१ को बजेटको अर्धवार्षिक प्रगति विवरण

### १. बजेट उपशीर्षक अनुसार विनियोजित बजेट, खुद/अन्तिम बजेट र खर्चको विवरण

रकम रु. लाखमा

| बजेट उपशीर्षक | कार्यक्रम/ आयोजना | बजेट | | कूल खर्च रकम | खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | शुरु विनियोजन | खुद (रकमान्तर पछि) | | शुरु विनियोजनको | खुद बजेटको |
| ३४३०००११ | युवा तथा खेलकुद मन्त्रालय | ५४९.०० | ५४९.०० | २२५.४५ | ४१.०७ | ४१.०७ |
| ३४३००१०१ | राष्ट्रिय युवा परिचालन कार्यक्रम | ९७.०० | ९७.०० | १.०८ | १.११ | १.११ |
| ३४३००१०२ | खेलकुद विकास कार्यक्रम | १६९.०० | ३४४.८० | १४६.०३ | ८६.४१ | ४२.३५ |
| ३४३००१०३ | नेपाल स्काउट | ४००.०० | ४००.०० | १७४.२७ | ४३.५७ | ४३.५७ |
| ३४३४१०११ | राष्ट्रिय खेलकुद परिषद | १७८०९.०० | १९२६९.०० | ५१०८.७३ | २८.६९ | २६.५१ |
| ३४३४१०१२ | राष्ट्रिय युवा परिषद | ६५०.०० | ६५०.०० | २१४.६८ | ३३.०२ | ३३.०२ |
| ३४३५१०११ | युवा तथा साना व्यवसायी स्वरोजगार कोष | ९२४.०० | ९२४.०० | २६९.२५ | २९.१३ | २९.१३ |
| ३४३०००११ | फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदान तथा खेलग्राम पूर्वाधार निर्माण विकास समिति | १७५.०० | १७५.०० | ३१.३६ | १७.९२ | १७.९२ |
| | **जम्मा** | **२०७७३.००** | **२२४०८.८०** | **६१७०.८५** | **२९.७१** | **२७.५३** |

### २.नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा समावेश भएका मुख्य मुख्य नीति तथा कार्यक्रमहरुको प्रगति:

रकम रु. लाखमा

| **बजेट वक्तव्यको व्यहोरा** | **प्रगति/ कार्यान्वियनको अवस्था (भौतिक/वित्तीय)** | | | |
|---|---|---|---|---|
| | **भौतिक प्रगति (इकाई/ परिमाण र प्रगति प्रतिशत)** | **विनियोजित बजेट** | **खर्च रकम** | **वित्तीय प्रगति %** |
| २६८. युवा जनशक्तिलाई मुलुकको आर्थिक तथा सामाजिक विकासमा परिचालन गरिनेछ। युवाको क्षमता विकास गरी रोजगारयोग्य बनाइनेछ। उद्यमशीलता विकास एवं वित्तीय स्रोत-साधनमा पहुँच अभिवृद्धि गरी युवालाई राष्ट्रिय उत्पादन प्रणालीमा आबद्ध गरिनेछ। खेलकुदको माध्यमबाट स्वस्थ, सक्षम र अनुशासित जनशक्ति तयार गरिनेछ। | • राष्ट्रिय युवा नीति, २०७२ परिमार्जनको मस्यौदामा बागमती प्रदेश र लुम्बिनी प्रदेशका सरोकारवालाहरुसँग अन्तर्क्रिय गरी सुझाव संकलन गरिएको।<br>• कर्णाली प्रदेशमा ७० जनालाई स्काउट विपद ब्यबस्थापन तालिम प्रदान गरिएको।<br>• १८३ जनालाई स्काउट तालिम प्रदान गरिएको।<br>• ९७ जना युवाहरुलाई युवा परामर्श प्रदान गरिएको<br>(समग्र भौतिक प्रगति ५० प्रतिशत) | ११७ | २८.५२ | २४.३८ |
| २६९. आर्थिक वर्ष २०८०/८१ लाई युवा उद्यमशीलता प्रवर्द्धन वर्षको रूपमा मनाइनेछ। युवा पुस्तालाई उद्यमशीलता विकास र व्यवसाय सञ्चालनमा आकर्षित गर्न सीप, पुँजी र प्रविधिमा पहुँच वृद्धि गरिनेछ। युवा तथा साना व्यवसायी | • २७५४ जनालाई स्वरोजगार व्यवसाय सञ्चालनका लागि कर्जा लगानी गरिएको। उक्त स्वरोजगार व्यवसायमा थप १९०५ जनाले रोजगारी प्राप्त गरेको।<br>• १७८ जना युवालाई उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम प्रदान गरिएको। | ४३ | १०.२१ | २३.७४ |

| | | | | |
|---|---|---|---|---|
| स्वरोजगार कोषको लगानी मोडालिटी परिवर्तन गरी युवालाई व्यवसाय गर्न सहुलियतपूर्ण कर्जा उपलब्ध गराइनेछ। खेलाडीलाई स्वरोजगार बन्न चाहेमा युवा स्वरोजगार कोष मार्फत सहुलियतपूर्ण कर्जा प्रदान गर्ने व्यवस्था मिलाइनेछ। | • दलित, अल्पसंख्यक तथा सिमान्तकृत वर्गका १२०० जना युवालाई अनलाइन माध्यमबाट लोकसेवा आयोगको तयारी कक्षा सञ्चालन भैरहेको।<br>• फरक क्षमता भएका २० जना युवालाई ७ दिने कम्प्यूटर तालिम प्रदान गर्ने तयारी भएको।<br><br>(समग्र भौतिक प्रगति ७० प्रतिशत) | | | |
| २७०. राष्ट्रिय युवा परिषद् मार्फत विकास निर्माण तथा समाज सेवामा युवा स्वयंसेवक परिचालन गरिनेछ। युवाको क्षेत्रमा कार्यरत संघ संस्था परिचालन गरी आर्थिक, सामाजिक र सांस्कृतिक जागरण अभियान सञ्चालन गरिनेछ। | • विकास निर्माण तथा स्वयंसेवाको क्षेत्रमा २०० जना युवा स्वयंसेवक परिचालन गरिएको।<br>• युवाको क्षेत्रमा कार्यरत १४ वटा संस्थासँगको साझेदारीमा आर्थिक, सामाजिक तथा साँस्कृतिक रुपान्तरणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न सम्झौता भएको र २ वट सस्थाले कार्यक्रम सम्पन्न गरिसकेको।<br>• पथ प्रदर्शक र सहिद तथा वेपत्ता पारिएका परिवारका युवाको सञ्जालहरुसँगको सहकार्यमा समाजिक जागरण कार्यक्रम सञ्चालनको लागि ५ वटा सञ्जाल सँग सम्झौता भएको।<br>• २३,८३५जना स्काउट स्वोयंसेवक परिचालन गरिएको। | ५९.९५ | १५.६० | २६.०२ |
| २७१. त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानलाई अन्तर्राष्ट्रियस्तरको क्रिकेट रंगशालाको रूपमा विकास गरिनेछ। यस रंगशालामा फ्लड लाईट राख्ने कार्य सम्पन्न गरिनेछ। मूलपानी क्रिकेट रंगशालाको निर्माण कार्य सम्पन्न गरिनेछ। विराटनगरको गिरिजाप्रसाद कोइराला क्रिकेट रङ्गशाला, वैतडीको दशरथ चन्द क्रिकेट रङ्गशाला, कैलालीको फाप्ला क्रिकेट रङ्गशाला र काठमाडौंको सुवर्णशमसेर क्रिकेट रङ्गशाला निर्माण कार्य अघि बढाउन बजेट व्यवस्था गरेको छु। | • मुलपानी रंगशालामा भीआईपी प्याभिलियन ब्लकमा सम्पुर्ण ढलान र प्लाष्टरको बिजुली पाईप लाईनको कार्य सम्पन्न भई रंगरोगन जारी, ब्लक ए को प्लाष्टरको कार्य सम्पन्न र बी ब्लक को प्लाष्टरसम्मको कार्य सम्पन्न भएको। आयोजनाको ३७.७५ % सम्पन्न भएको। बाकी नयाँ निर्माण कार्यका लागि प्रारम्भिक लागत अनुमान रु. ६ अर्ब को Preliminary Design तयार भइ राष्ट्रिय गौरवको आयोजनाका रुपमा निर्माण अघि बढाउनका लागि बजेट व्यवस्था गरिदिन योजना आयोगलाई अनुरोध गरिएको।<br>• गिरीजा प्रसाद कोइराला क्रिकेट रङ्गशाला निर्माणक लागि DPR निर्माण कार्य भइरहेको। Preliminary Design तयार भइ राष्ट्रिय गौरवको आयोजनाका रुपमा निर्माण अघि बढाउनका लागि बजेट व्यवस्था गरिदिन योजना आयोगलाई अनुरोध गरिएको।<br>• पोखरा क्रिकेट रङ्गशालामा भीआईपी प्याभिलियन एक भाग प्यारापिट ब्लकको डिपिसीसम्मको कार्य सम्पन्न भई फर्माको कार्य भईरहेको।<br>• सुवर्ण समशेर क्रिकेट रङ्गशाला निर्माण बुढानिलकण्ठ काठमाडौंको विनियोजित बजेट अनुसारको कार्य गर्न स्थानीय निकाय संग समन्वय भएको। | ४१९१ | ४०४.९४ | ९.६६ |

| | | | | |
|---|---|---|---|---|
| | • भैरहवा क्रिकेट रङ्गशालामा चालू ठेक्का बमोजिम प्यारापिट ब्लक बी को सम्पुर्ण कार्य सम्पन्न। आयोजनाको २७% सम्पन्न भएको।<br>• फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदान तथा खेलग्राम निर्माणको DPR निर्माण गर्न Expression of Interest (EOI) को सूचना जारी भएको।<br><br>(भौतिक प्रगति ३५ प्रतिशत) | | | |
| २७२. निर्माणाधीन धनगढी, इटहरी, पोखरा र नेपालगञ्जको प्रदेश रंगशाला र कभर्ड हल निर्माण सम्पन्न गर्न बजेट व्यवस्था गरेको छु। सार्वजनिक निजी साझेदारीमा हाइअल्टिच्युट ट्रेनिङ सेन्टरका साथै ऱ्याफ्टिङ, क्यानोइङ, प्याराग्लाईडिङ्ग, रक क्लाईम्बिङ र अल्ट्रा म्याराथुन लगायतका साहसिक खेल पूर्वाधार निर्माण गरिनेछ। खेलकुद पर्यटनलाई प्रवर्द्धन गरिनेछ। खेलकुदका पूर्वाधार निर्माण, व्यवस्थापन र प्रतियोगिता सञ्चालनमा निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ। | • धनगढी रङ्गशाला निर्माण ठेक्का अनुसार ब्लक G5, G6, G9, G10 को कार्य सम्पन्न। आयोजनाको ४९% निर्माण कार्य सम्पन्न भएको। विनियोजित बजेट अनुसार थप निर्माण गर्न आव्हान गरिएको बोलपत्र मुल्याङ्कन भई आशयको सूचना जारी गरिएको।<br>• पोखरा रंगशालामा पानी ट्याँकी निर्माणको ट्याँकीको ढलान सम्पन्न भएको। आयोजनाको ७५% कार्य सम्पन्न भएको।<br>• नेपालगंज रङ्गशाला बाँकेमा सेन्थेटिक्स ट्र्याक निर्माणका लागि भित्री ड्रेन तथा वाहिरी ड्रेनको ढलान तथा ट्र्याकमा बेस हाल्ने कार्य सम्पन्न तथा ड्रेन कभर निर्माण भैरहेको। आयोजनाको ८०% कार्य सम्पन्न भएको।<br>• नारायणी कभर्डहल बिरगंजमा थप प्यारापिट निर्माणका कार्यको प्यारापिट ढलान कार्य सम्पन्न भएको ।<br>• अन्य कभर्डहल निर्माणका लागि हस्तारणको प्रक्रियामा रहेको ।<br>• ११ वटा प्रतियोगितामा ९७५ जना तथा नेपाल सुपरलिगमा ४६ जना गरी १०२६ जना खेलाडी अफिसियल र पाहुनाहरुको आगमन | ८६५ | ० | ० |
| २७३. उन्नाइसौं एसियाली खेलकुद, दक्षिण एसियाली खेलकुद र १० औं राष्ट्रिय खेलकुदको तयारीका लागि खेलाडीलाई आवश्यक प्रशिक्षण दिन बजेट व्यवस्था गरेको छु। अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा पदक हासिल गर्ने खेलाडीलाई प्रोत्साहन र सम्मान गरिनेछ। युवाहरूलाई अनुशासित र स्वस्थ बनाउन मार्शल आर्टस् खेललाई समुदाय स्तरसम्म विस्तार गर्न प्रोत्साहित गरिनेछ। | • १९ औं एशियाली खेलकुद प्रतियोगिताका लागि २५३ जना खेलाडीले स्वदेशमा र विदेशमा प्रशिक्षण प्राप्त गरेका।<br>• १९ औं एशियाली खेलकुद प्रतियोगिताका लागि २९ खेलका २५३ जना खेलाडी ५२ जना प्रशिक्षक र ३५ जना मेनेजर गरी कूल ३७३ जना सहभागी भएको। कराते व्यक्तिगत इभेन्ट तर्फ महिला तर्फ एरिका गुरुङले १ रजत र कवड्डीको महिला टिमबाट १ काँस्य पदक प्राप्त।<br>• साउथ एशियन गेममा स्वर्ण र एशियालीमा पदक प्राप्त गर्ने १९६ जना, ओलम्पिकमा सहभागी ५४ जना र प्रथम ओलम्पियन ५ जन गरी जम्मा २५५ जनालाई मासिक रुपमा प्रोत्साहन भत्ता प्रदान गरिएको।<br>• मार्सल आर्ट खेलकुद प्रतियोगिता सञ्चालनको तयारी भइरहेको। | २३८४.९२ | १९५१.४८ | ८१.८३ |

| | | | | |
|---|---|---|---|---|
| २७४. नेपाल ओलम्पिक कमिटि, अखिल नेपाल फुटबल संघ, नेपाल क्रिकेट संघ लगायतका विभिन्न खेल सम्बद्ध संघ संस्थाको क्षमता विकास गरी खेलकुद प्रतियोगिता सञ्चालन गर्न प्रोत्साहित गरिनेछ। स्थानीयस्तरमा खेलकुद प्रतियोगिताहरू सञ्चालन गर्न स्थानीय तहलाई सहयोग गरिनेछ। | • राष्ट्रिय खेलकुद संघहरुलाई राष्ट्रियस्तरका खेलकुद प्रतियोगिता आयोजना गर्न अनुदान सहयोग गरिएको।<br>• राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता आयोजना गर्न प्रत्येक स्थानीय तहलाई रु. १ लाखका दरले ७ करोड ५३ लाख विनियोजन गरिएको। प्रदेश र जिल्लास्तरमा राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता आयोजना गर्न रु. क्रमश: रु १ करोड ५४ लाख र ३ करोड २४ लाख विनियोजन गरिएको। | १४७१ | १२६७ | ८६.१३ |

## ३. बुँदा नं. २ बाहेकका वार्षिक बजेट तथा कार्यक्रम र वार्षिक कार्ययोजनामा परेका प्रमुख क्रियाकलापहरुको प्रगति:

रकम रु. लाखमा

| ब.उ.शी.नं. (कार्यक्रम) | क्रियाकलाप | प्रगति/ कार्यान्वयनको अवस्था (भौतिक/वित्तीय) | | | |
|---|---|---|---|---|---|
| | | भौतिक प्रगति (इकाई/परिमाण र प्रगति प्रतिशत) | विनियोजित बजेट | खर्च रकम | वित्तीय प्रगति प्रतिशत |
| ३४३००१०१ | राष्ट्रिय युवा परिचालन कार्यक्रम | २५.४१ | ९७ | १.०८ | १.११ |
| | • राष्ट्रिय युवा नीति, २०७२ संशोधनका लागि तयार पारिएको मस्यौदामा वागमती र लुम्बिनी प्रदेशका सरोकारवालाहरुसँग अन्तर्क्रिया गरी राय सुझाव संकलन गरिएको।<br>• राष्ट्रिय युवा प्रतिभा सम्मान र युवाको क्षेत्रमा कार्यरत पत्रकार पुरस्कारका लागि आवेदन माग गर्ने सूचना प्रकाशनको तयारी गरिएको।<br>• टेलिभिजनबाट युवा उपयोगी सामग्रीहरु प्रशारण गर्नका लागि युवा उपयोगी विषयवस्तु छनौट गर्ने कार्य भइरहेको।<br>• युवा बुलेटिन निर्माणका लागि सम्पादकमण्डल गठन भई युवासम्बन्धी लेख संकलन भइरहेको। | | | | |
| ब.उ.शी.नं. (कार्यक्रम) | क्रियाकलाप | प्रगति/ कार्यान्वयनको अवस्था (भौतिक/वित्तीय) रकम रु. लाखमा | | | |
| | | भौतिक प्रगति (इकाई/परिमाण र प्रगति प्रतिशत) | विनियोजित बजेट | खर्च रकम | वित्तीय प्रगति प्रतिशत |
| ३४३००१०२ | खेलकुद विकास कार्यक्रम | ६०.६७ | ३४४ | १४६.०३ | ४२.४५ |
| | • १५० जनालाई लैङ्गिक सचेतना कार्यक्रम सञ्चालन गरिएको।<br>• २०० जनालाई Anti-Doping सम्वन्धी कार्यक्रम सञ्चालन गरिएको।<br>• २१० जनालाई खेलकुद शिक्षक तालिम सञ्चालन गर्न ७ वटै प्रदेशका शिक्षा तालिम केन्द्रहरुसँग सम्झौता भएको। सोही सम्झौता वमोजिम गण्डकी प्रदेशबाट २९ जना शिक्षकलाई खेलकुद शिक्षक तालिम प्रदान गरिएको।<br>• ९ जनालाई खेलकुद पत्रकारिता पुरस्कारका लागि छनोट गरिएको।<br>• ९ जना खेलाडी तथा प्रशिक्षकलाई राष्ट्रिय खेलकुद सम्मानको लागि छनोट गरिएको।<br>• राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९ र राष्ट्रपति रनिङसिल्ड प्रतियोगिता आयोजना कार्यविधि, २०७० को पाँचौ संशोधन गरिएको।<br>• अन्तर्राष्ट्रिय पदक विजेता खेलाडी र ४० जना राष्ट्रियस्तरका खेलाडीहरु बीच अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको।<br>• ACC Men Premier क्रिकेट प्रतियोगितामा प्रथम स्थान हासिल गर्ने नेपाली क्रिकेट टोलीका र ICC Cricket World Cup League II मा प्रथम स्थान हासिल गर्ने नेपाली क्रिकेट टोलीलाई नगद पुरस्कार प्रदान गरिएको। | | | | |
| ब.उ.शी.नं. (कार्यक्रम) | क्रियाकलाप | प्रगति/ कार्यान्वयनको अवस्था (भौतिक/वित्तीय) रकम रु. लाखमा | | | |
| | | भौतिक प्रगति (इकाई/परिमाण र प्रगति प्रतिशत) | विनियोजित बजेट | खर्च रकम | वित्तीय प्रगति प्रतिशत |
| ३४३४१०१२ | राष्ट्रिय युवा परिषद | ४८ प्रतिशत | १६७.० | २५.८२ | १५.४६ |
| | • १० वटा स्थानीय तहमा युवा क्लव गठन तथा नमुना युवा संसद अभ्यास सहजीकरण गरिएको<br>• ४० वटा स्थानीय तहमा प्रत्यक्ष र ३७ वटा स्थानीय तहमा अनलाइन माध्यमबाट वार्षिक कार्यक्रमको अभिमुखीकरण गरिएको<br>• लगानी भएको घुम्तिकोषको रकम उठाउने कार्यमा सहजीकरण गरिएको र घुम्तिकोषको निर्देशिका निर्माण गरिएको | | | | |

| | |
|---|---|
| | • अन्तराष्ट्रिय युवा दिवस र स्वयंसेवक दिवस मनाइएको<br>• युवा नीती परिमार्जनका सन्दर्भमा सरकारी निकायका प्रतिनिधिहरुमाझ वहस सञ्चालन गरिएको<br>• २० जना दृष्टिविहिन युवाहरुका लागि ७ दिने कम्प्युटर आधारभुत तालिम सञ्चालन गरिएको<br>• युवाहरुका लागि लोकसेवा आयोग र शिक्षक सेवा आयोगको तयारी सम्बन्धी अनलाईन कक्षा सञ्चालन गरिएको र यसमा ११६० जना युवाहरुले आवेदन दिइ सहभागी भइरहेका ।<br>• कोशी बाग्मती र कर्णाली प्रदेशमा युवामैत्री स्थानीय तहसँग सम्बन्धित सूचकहरुको अभिमुखीकरण गरिएको । |

<table>
<tr><th rowspan="2">ब.उ.शी.नं. (कार्यक्रम)</th><th rowspan="2">क्रियाकलाप</th><th colspan="4">प्रगति/ कार्यान्वयनको अवस्था (भौतिक/वित्तीय) रकम रु. लाखमा</th></tr>
<tr><th>भौतिक प्रगति (इकाई/परिमाण र प्रगति प्रतिशत)</th><th>विनियोजित बजेट (लाखमा)</th><th>खर्च रकम</th><th>वित्तीय प्रगति प्रतिशत</th></tr>
<tr><td>३४३४१०११</td><td>• राष्ट्रिय खेलकुद परिषद</td><td>३७.५७</td><td>२९०४.०८</td><td>२८७.३६</td><td>९.९०</td></tr>
<tr><td></td><td colspan="5">कार्यक्रम तर्फ<br>
• फुटबल ५, भलिबल ४, क्रिकेट १, फुटसल २, रग्वी १, बास्केटबल ३, एथलेटिक्स ६, बुद्धिचाल १, बक्सिङ्ग १, घोडचढी १, भारोत्तोलन १, मार्डन पेन्टाथलोन, गरी जम्मा २७ वटा राष्ट्रिय प्रतियोगिता भएको<br>
• पुस महिनामा थप ३ (क्रिकेट -(ACC Mens U-१९ Cricket World Cup 2024 Training Course Africa, शुटिंग -(Asian Rifle/Pistol Championship Indonesia). स्की - Dream Program 2024 Korea प्रतियोगितामा सहभागी भई हाल सम्म २५ वटा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी भएको ।<br>
• Asia u-20 rugby 7s tournament मा १७६ जना, south asia junior Badminton championship मा ४९ जना, ५५th Asian bodybuilding & physique sports championship मा १५५ जना SAF U-19 championship मा १६९ जना word cup qualifier फुटबलमा३० सहित ११ वटा प्रतियोगिता आयोजना गरिएको।<br>
• छात्रवृत्ति कार्यक्रम - भलिबल खेलाडी २६, प्रशिक्षक २ -कवड्डी खेलाडी १०, प्रशिक्षक २ - खो खो खेलाडी १०, प्रशिक्षक १ - रग्वी खेलाडी २४, प्रशिक्षक २ गरि जम्मा ७० जानाखेलाडीहरु नियमित प्रशिक्षणमा रहेको।<br>
• राष्ट्रिय खेलकुद परिषदले बाजुरामा ४० जनालाई विद्यालय खेलकुद शिक्षक तालिम प्रदान गरेको।<br>
• राष्ट्रिय खेलकुद परिषदले अघिल्लो आर्थिक बर्षमा सम्पादन गरेका कार्यहरु, प्रतियोगिताहरु, अन्तराष्ट्रिय सहभागिता तथा प्राप्त उपलव्धीलाई अभिलेखिकरण गर्ने क्रममा वार्षिक दर्पण –पुस्तक प्रकाशन गरेको ।<br>
• २२ देखि २८ अक्टोबर, २०२३ सम्म मित्रराष्ट्र चीनको ह्वाङ्झावोमा सम्पन्न भएको चौथो एशियन पारा खेलकुद २०२२, मा ब्याडमिन्टन, टेबुलटेनिस, लन टेनिस, पौडी, तेक्वान्दो, भारत्तोलन, खेलमा २० जना पारा खेलाडीहरु र ५ जना प्रशिक्षक तथा अफिसियलहरुको सहभागीता रहेकोमा तेक्वान्दो पारा खेलाडी पलेसा गोर्धन व्यक्तिगत प्रतिस्पर्धामा कास्य पदक प्राप्त गरी ऐतिहासिक सफलता हासिल गरेको ।<br>
• विभन्न खेलका ४७ अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाएको।<br>
• फुटवल रेफ्रिहरुको फिटनेश टेनिङ्ग सम्पन्न भएको।<br>
• १० औं वल्र्ड स्टेन्थेनिङ एण्ड इन्क्लाइन बेन्च प्रेस च्याम्पियनसीपमा फुलकन्ट्याक्ट कराते प्रशिक्षक केदारमान स्थापित खेलाडीको रुपमा सहभागी।<br>
• विभिन्न खेलका १ लाख ४५ हजार खेलाडी नियमित प्रशिक्षणमा रहेका ।<br>
पूर्वाधारतर्फ<br>
• रग्बी रंगशाला डी पी आर निर्माण कागेश्वरी मनोहरा काठमाण्डौडिपिआर तयारी भैरहेको DRAFT REPORT को PRESENTATION भएको।<br>
• कीर्तिपुर क्रिकेट मैदान, नेट प्रक्टिस निर्माणसम्झौता भई कार्य सुरू भएको ।<br>
• महिला क्रिकेट एकेडेमी कोहलपुर बाँकेमा एक ब्लक एच निर्माणको ठेक्का भएकोमा टाईबीमको ढलान कार्य सम्पन्न भई पिल्लर ढलान भैरहेको।इआईएपरामर्श कार्य भैरहेको ।<br>
• फिदिम रंगशाला, पाँचथरमा मल्टिपर्पोज सपिङ ब्लकको प्लाष्टर कार्य सम्पन्न। बाथरूमको गारो लगाउने कार्य सुरू भएको।सटर बनाउने कार्य सम्पन्न।<br>
• झापा कभर्डहल निर्माणठेक्का कम्पनीबाट निर्माण कार्य नभए पछि पुरानो ठेक्का रद्द गरि लागत इष्टिमेट तयारी भैरहेको।<br>
• कर्णाली प्रदेशका पुर्वाधार निर्माणका लागि लागत इष्टिमेट तयारी भैरहेको ।</td></tr>
</table>

| | |
|---|---|
| | • केन्द्र, प्रदेश र जिल्ला स्तरका विभिन्न खेलमैदान तथा कभर्डहल मर्मत सम्भारबोलपत्र आव्हान बोलपत्र मुल्याङ्कन सम्पन्न भई आशय पत्र जारी भएको। |

## ४. बजेट वक्तव्य २०८०/८१ को अनुसूचि १५ मा उल्लिखित युवा तथा खेलुकदसँग सम्बन्धित बजेटका अपेक्षित उपलब्धी सूचकको प्रगति विवरण:

| क्र.सं. | क्षेत्रगत कार्यक्रम | उपक्षेत्रगत कार्यक्रम | इकाई | आ.ब.२०७९/८० को प्रगति | आ.ब. २०८०/८१ को प्रगति | आ.ब. २०८०/८१ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| २० | युवा | युवा स्वरोजगार कोषबाट स्वरोजगार सिर्जना | जना हजारमा | १२ | २.७५४ | १० |

## ५. राष्ट्रिय गौरव र रुपान्तरणकारी आयोजनाको प्रगति:

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८०/०७/२३ को निर्णय अनुसार मुलपानी क्रिकेट रङ्गशाला र गिरीजा प्रसाद कोइराला क्रिकेट रङ्गशालालाई राष्ट्रिय गौरवको आयोजनाको रुपमा निर्माण गर्ने गरी प्रक्रिया अघि बढाउने भनी आएकोले स्रोत साधनको व्यवस्थासहित कार्यान्वयनका लागि राष्ट्रिय योजना आयोगमा पत्राचार गरिएको।

## ६. कार्यक्रम/आयोजना कार्यान्वयन एवं लक्ष्य अनुसार प्रगति हुन नसक्नुका कारण र सुधारका योजनाहरु:

| क्र.सं. | कार्यक्रम | कारण | सुधारका भावी योजनाहरु |
|---|---|---|---|
| १ | कीर्तिपुर रङ्गशालामा फ्लड लाइट जडान | कीर्तिपुर रङ्गशालामा फ्लड लाइट जडानका लागि निर्माण कम्पनीसँग सम्झौता भएकोमा प्रतिस्पर्धी बोलपत्रदाता सुर्योदय उर्जा बुध्दिराजा इलेक्ट्रिकल्स जेभीको निवेदनमा सार्वजनीक खरिद पुनरावलेकन समितिले निर्माण कार्य अघि नबढाउन गरेको निर्णय प्राप्त भएको र सम्मानित उच्च अदालत पाटनमा पनि मुद्दा विचाराधिन रहेकोले निर्माण सुरु हुन नसकेको। | मुद्दा फैसला भएपछि निर्माण कार्य शुरु गरिने |
| २ | दशरथ चन्द क्रिकेट रङ्गशाला निर्माण | जग्गा विवादको मुद्दा परेकोले निर्माण प्रक्रिया रोकिएको | मुद्दा फैसला भएपछि निर्माण कार्य शुरु गरिने |
| ३ | सुवर्ण समशेर क्रिकेट मैदान निर्माण | पुरानो उपभोक्ता समिति र नयाँ उपभोक्ता समितिको विवादका कारण निर्माण प्रक्रिया रोकिएको। | विवाद समाधान भएपछि निर्माण कार्य शुरु गरिने |
| ४ | इटहरी रङ्गशाला निर्माण | बजेट व्यवस्था नभएको | चालू आ.ब.मा निर्माण कार्य नहुने। |
| ५ | सार्वजनिक निजी साझेदारीमा हाइ अल्टिच्युट ट्रेनिङ सेन्टर निर्माण | सार्वजनिक निजी साझेदारीको मोडालिटी र कार्यविधि निर्माण हुन नसकेको। | |
| ६ | खेलकुदका पूर्वाधार निर्माण, व्यवस्थापन र प्रतियोगिता सञ्चालनमा निजी क्षेत्रलाई प्रोत्साहन | सार्वजनिक निजी साझेदारीको मोडालिटी र कार्यविधि निर्माण हुन नसकेको। | |
| ७ | खेलकुद विकास गतिविधिहरु | २०८० साल असोज ६ गतेदेखि २१ गतेसम्म मित्रराष्ट्र चीनको ह्यान्जाओमा सम्पन्न भएको १९औं एशियाली खेलकुदको तयारी प्रशिक्षण तथा सहभागिताका कारण अन्य खेलकुद गतिविधिहरु पुर्व निर्धारित कार्यकम संचालन हुन नसकेको। | समय तथा कार्यतालिका परिवर्तन गरी कार्यक्रम कार्यान्वयन सुरु गरिएको बाँकी कार्यहरु तेस्रो चौमासिक अवधिसम्म सम्पन्न गरिनेछ। |

| | | | |
|---|---|---|---|
| ८ | खेलकुदका साना पूर्वाधार निर्माण | पूर्वधारका साना आयोजनाहरुको सम्बन्धित निकाय तथा उपभोक्ता समितिसँग समन्वय हुन नसेकोले ति आयोजनाहरुको सुरु गर्नका लागि बोलपत्र आव्हान गर्ने तयारी भइरहेको । | सम्बन्धीत निकायसँग समन्वयका लागि पत्राचार भएको । डिपिआर तथा वातावारणीय प्रभाव मूल्यांङ्कन (ईआईए) को तयारी भइरहेको। |
| ९ | खेलकुदका ठूला पूर्वाधार निर्माण | श्रोत सुनिश्चितता नभएका कारण बहुवर्षिय आयोजनामा समावेश हुन नसकेकोले प्रत्येक वर्ष ठेक्का आव्हानको प्रक्रिया गर्नुपरेको र सोको लागि जनशक्ति अभाव भएका कारण तोकिएको समयमा निर्माण कार्य सुरु गर्न नसकिएको। | अर्थ मन्त्रालयले स्रोत सुनिश्चितता दिइ बहुवर्षिय ठेक्का आव्हान गर्न सहमति दिनुपर्ने। |
| १० | युवा उद्यमशीलता तथा वित्तीय साक्षरता कार्यक्रम र स्वयंसेवक परिचालन | उद्यम शिलता तथा वित्तीय साक्षरता तालिम र स्वयंसेवक विकास तथा परिचालन कार्यक्रम स्थानीय तह सँगको समन्वयमा सन्चालन हुने भएकोले स्थानीय तहसँग समय व्यवस्थापन गर्न केहि समय लागेको | प्रस्ताव पेश गरेका स्थानीय तह सँगको समन्वयमा सञ्चालन गरिने |
| ११ | बाँकी बजेट तथा विकास कार्यक्रमहरुको अपेक्षित उपलब्धी हासिल हुन बाँकी रहेको। | कार्यक्रम कार्यान्वयनमा रहेको। | तैस्रो त्रैमासिक अवधिसम्ममा बजेट तथा कार्यक्रम सम्पन्न हुने। |